सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

भोटेकोशीसँग जोडिएका s]kLs /f !

✍ नकुल काजी

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा

फाल्गुनन्द चौक

फोन: ०२३-५७५४०९

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :

देवीप्रसाद सिटौला

(५ ४२३ ७२ /५ २४५३५१)

बिर्तामोड:

राजकुमार श्रेष्ठ

९८०६०१०८१०

❑ वर्ष-२१ ❑ अंक - २४० ❑ २०८३ असोज ०१ गते बिहीबार ❑ Thursday, 17 Sept. 2026 ❑ मूल्य ७ /-

रास्वपा सभापतिको नेतृत्वमा सर्वदलीय बैठक

सातामित्र संयन्त्र गठन गर्ने सहमति

✍ पूर्वसन्देश समाचार

दमक/ विपत् व्यवस्थापनका लागि सहजीकरण गर्न सर्वदलीय संसदीय संयन्त्र गठन गर्ने निर्णय भएको छ । बुधबार रास्वपा सभापति रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकले सभामुखमार्फत यस्तो संयन्त्र गठन गर्ने निर्णय गरेको हो ।

बैठकपछि राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले सबै राजनीतिक दलको प्रतिनिधित्व हुने गरी एक हप्ताभित्र संयन्त्र गठन गर्न सभामुखलाई आग्रह गर्ने सहमति भएको जानकारी दिए । 'सबै राजनीतिक दलहरूको प्रतिनिधित्व हुने गरी एक हप्ताभित्र संयन्त्र गठनका लागि सभामुखलाई आग्रह गर्ने सहमति जुटेको छ,' उनले भने ।

बैठकमा बेपत्ता भएकाहरूलाई मृत घोषणा गर्ने सम्बन्धी कानुन संशोधन गर्ने विषयमा समेत छलफल भएको शाहीले बताए । हालको कानुनअनुसार बेपत्ता भएको १२ वर्षपछि मात्रै व्यक्तिलाई मृत घोषणा गर्न सकिने प्रावधान रहेको छ । विपत्का कारण लामो समयदेखि बेपत्ता भएकाहरूको हकमा उक्त प्रावधान संशोधन गर्ने विषयमा बैठकमा छलफल भएको हो । यसैविच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले सरकारको कामकारबाहीबारे पार्टीभित्रबाट आउने आलोचनालाई आन्तरिक लोकतन्त्रको अभ्यासका रूपमा बुझ्नुपर्ने बताएका छन् ।

बुधबार सर्वदलीय बैठक सकिएसँगै पत्रकारहरूसँग प्रतिक्रिया दिने क्रममा उनले यस्तो बताएका हुन् । पत्रकारहरूले सरकार 'गुण्डागर्दी शैलीमा चलेको' र 'सिंहदरबारबाट नभई ज्वागलबाट चलेको' भन्ने आरोप रास्वपाकै सांसदले लगाएको भन्दै लामिछानेलाई प्रश्न गरेका थिए ।

जवाफमा लामिछानेले उक्त आरोप लगाउने सांसदलाई नै सोध्नुपर्ने बताए । उनले सरकार कसरी चलिरहेको छ भन्ने कुरा सबैले देखिरहेको भन्दै सरकार अठ्यारो पर्दा आवश्यक ठाउँमा पुगिरहेको र आफ्ना नीतिअनुसार काम गरिरहेको दाबी गरे ।

हायस दुर्घटना, १७ जना घाइते

दमक/ मदन भन्डारी लोकमार्गअन्तर्गत उदयपुरको उदयपुरगढी गाउँपालिका -७ स्थित अधेरीमा सडक दुर्घटना हुँदा १७ जना यात्रुहरू घाइते भएका छन् । गाईघाटबाट काठमाडौंतर्फ जाँदै गरेको बा ४ ख ५६३७ नम्बरको हायस् र विपरीत दिसाबाट आउँदै गरेको ना ७ ख ३९१ नम्बरको मालवाहक ट्रक एक आपसमा ठोकिदा सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

सो दुर्घटनामा परेर घाइते हुनेहरुमा गोरखा काठमाडौं जिल्ला चन्द्रागिरी नपा १४ का ५६ वर्षीक इन्दिरा श्रेष्ठ, मोरङ जिल्ला सुन्दरहरैचा बस्ने २७ वर्ष कि पवित्रा भट्टराई, काठमाडौं जिल्ला चन्द्रागिरी नपा १४ बस्ने ४८ वर्षीया रुकमाया श्रेष्ठ, सोही ठाउँका ५३ वर्षीया पबिला श्रेष्ठ छन् ।

मोरङ जिल्ला कानेपोखरी -६ रमाइलो बस्ने २४ वर्षको लबिन चौलागाई, सोहीठाउँका ४० वर्षे देवराज बिक, ४४ वर्षे रामबहदुर बिक, २१ वर्षीया लक्ष्मी गिरी, त्रिभुयुगा नगरपस्लिका -३ का ३४ वर्षीया रस्मिला दाहाल, मोरङ जिल्ला सुन्दर हरैचा नपा ६ बस्ने ७९ वर्षका जमुना राई घाइते भएको जनाइएको छ । यसैगरी सोही ठाउँका ४१ वर्षका एदुचन्द्र राई, इलाम जिल्ला माईजोगमाई -१ बस्ने २५ वर्षको सगुन गुरुङ्ग, उदयपुरको बेलाका -६ बस्ने ३१ वर्षको डम्मरबहादुर बिक, बाँकी 8 पेजमा ▸▸

छिटो र सरल सेवा दिने झापा प्रजिअको प्रतिबद्धता

दमक/ झापामा प्रमुख जिल्ला अधिकारीको पदभार ग्रहण गरेसँगै प्रजिअ श्रवणकुमार पोखरेलले लामो समयसम्म लाइनमा बसेर सास्ती खेप्नुपर्ने सेवाग्राहीका समस्या हल गर्ने तत्परता देखाएका छन् । उनले सञ्चारकर्मीहरूसँगको संवादमा यस्तो बताएका हुन् । छिटो र गुणस्तरीय सेवा दिनु आफ्नो पहिलो प्राथमिकता रहेको बताए । यसै सन्दर्भमा जिल्ला प्रशासन झापाले 'पालो आवेदन शुन्यमा झार्ने' अभियान शुरू गरेको र सार्वजनिक विदाका दिनमासमेत राष्ट्रिय परिचय -पत्र तथा राहदानी सेवा प्रदान गर्ने अभियान चलिरहेको छ ।

यसैविच सामान्य सेवा लिन अब ३५ दिनसम्म कुर्नु नपर्ने, गुणस्तरीय सेवा प्रदान गर्ने गरी अब अनलाइन आवेदन फाराम भरेर बायोमेट्रिक र अन्य प्रक्रियाका लागि पालो पर्खिरहेका सेवाग्राहीलाई सहज र छिटोछरितो सेवा उपलब्ध गराउने उद्देश्यले आगामी असोज १५ गतेसम्म 'शून्य बाँकी आवेदन अभियान' सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी पोखरेलले बताए ।

अभियानअन्तर्गत कार्यालयले चालु गरेको दैनिक बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म सेवा प्रदान गर्ने र सार्वजनिक बिदामा समेत सेवा प्रवाह नरोकिने कार्यक्रम अनुसार सेवाग्राही लाभान्वित भइरहेको बताइएको छ । हाल कार्यालयमा राष्ट्रिय परिचयपत्र र राहदानी सेवा लिने सेवाग्राहीको चाप छ । पालो पर्खिरहेका आवेदक शून्य बनाउने अभियानको लक्ष्य रहेको जनाइएको छ ।

अजविश्वकर्मा पूजा

दमक/ आज, विश्वकर्माको पूजा-आराधना गर्ने दिन । हरेक वर्ष असोज १ गते विश्वकर्मायन्ती पर्व मनाउने धार्मिक परम्परा रहिआएको छ । कन्या संक्रान्ति अर्थात् सूर्यदेव कन्या राशिमा प्रवेश गरेको प्रथम दिनमा विश्वकर्माको विधिवत् पूजा तथा आराधना गरी मनाउने नियम रहेका छ ।

यो पर्व तिथि अर्थात् चन्द्र गणनालाई आधार मानेभन्दा पनि महिनालाई आधार मानेर अर्थात् सूर्यगणनालाई आधार मानेर मनाइने गरिन्छ । जसले गर्दा सौर्य परम्पराको एक प्रतिनिधि पर्वका रूपमा यसलाई लिने प्रचलन रहेको कुरा अन्वेषकहरूले बारम्बार बताउने गरेका छन् ।

दमक/ दमक-८ स्थित झापा मोडल अंग्रेजी मा.वि.ले भोटेकोशी बाढी पीडितहरूका लागि आर्थिक सहयोग गरेको छ । विद्यालयले प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा सहयोग रकम जम्मा गरेको हो । विद्यालयले प्रशासन, शिक्षक, कर्मचारीहरूको सहभागीता जुटाउँदै राहत कोषमा २ लाख १० हजार रूपैयाँ जम्मा गरेको झापा मोडलका संस्थापक निर्देशक जयबहादुर श्रेष्ठले जानकारी गराए ।

भोटेकोशी बाढी पीडितका परिवारलाई थोरै भएपनि सहयोग पुगोस् भनेर सामाजिक उत्तरदायित्वको भावनाले शिक्षक, कर्मचारीहरू सबैबाट रकम संकलन गरी झापा मोडलले यस्तो सहयोग गरेको विद्यालयका प्रिन्सिपल सागर श्रेष्ठले बताए । झापा मोडल आवद्ध रहेको नेशनल प्याक्सनले भने देशभरिबाट रकम उठाएर प्रधानमन्त्री राहत कोषमा एक करोड रूपैयाँ जम्मा गरिसकेको छ ।

भदौ १० मा आएको भोटेकोशीको बाढीबाट पीडित हुनेहरूलाई राहत र पुनर्स्थापनाका लागि देश विदेशबाट सहयोग जुट्ने क्रम जारी रहेको छ । मानिसहरूले बाढी पीडितहरूलाई संस्थागत र व्यक्ति गत दुवै ढंगले सहयोग गरिरहेका छन् । प्रधानमन्त्री राहत कोषमा बुधबार सम्म १४ अर्व रकम जम्मा भइसकेको छ ।

बगचसे अचचअक्ष्द्प्र पचअि: रमेश प्रसाईं

दमक/ रास्वपाका सांसद रमेश प्रसाईंले आफ्नै सरकारको पालामा महँगीले अग्रगामी छलाङ मारेको टिप्पणी गरेका छन् । बुधबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले विपत्ले देश छटपटाइरहेको बेलामा बजार उद्दण्ड भएको बताए । 'एकातिर देश विपत्ले छटपटाइरहेको बेला अर्कोतिर बजार उद्दण्ड भयो र मेरै सरकारको पालामा महँगीले अग्रगामी छलाङ लगायो । प्याज, चिनी, चामल, तेल हरेक चिजको भाउ बढ्यो । चिल्ला गाडी चढ्नेहरूलाई फरक परेन, तर हामीजस्ताको ढाड सेकियो त,' सांसद प्रसाईंले भने ।

बाँदरलाई हानेको गोली लागेर भाइको मृत्यु

खोटाङ / दाइले बाँदरलाई हानेको गोली लागेर खोटाङमा भाइको मृत्यु भएको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-११ खार्मीको निगालेस्थित महाभीरमा बाँदर खेद्न ५३ वर्षीय श्यामबहादुर तामाङ र ५४ वर्षीय भलाबहादुर तामाङ गएका थिए । मंगलबार दिउँसो साढे २ बजेतिर भलाबहादुरले बाँदरलाई हानेको भरुवा बन्दुकको गोली लागेर श्यामबहादुरको मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुने श्यामबहादुर गोली चलाउने भलबहादुरको काकाको छोरा रहेको बताइएको छ । दुईतिरबाट छेकेर बाँदर बाँकी 8 पेजमा ▸▸

झापामा हात्ती मृत फेला

मेचीनगर/ झापाको मेचीनगर नगरपालिका-३ तेलपानीस्थित धानबारीमा मंगलबार बिहान एउटा जंगली हात्ती मृत फेला परेको छ ।

डिभिजन वन कार्यालयका प्रमुख नधुनी गोहीवार यादवका अनुसार हात्ती मरेको घटनास्थलतर्फ वन कार्यालयको टोली पठाइएको छ । स्थानीयवासीले धानखेतमा वयस्क दाइ्रे हात्ती मरेको बाँकी 8 पेजमा ▸▸

भाँडामा डुबेर बालिकाको मृत्यु

उर्लाबारी/ मोरङको केराबारी गाउँपालिका -१ पाटीगाउँको तेलेङमा पानी भरिएको भाँडो (फोसी) मा डुबेर तीन वर्षकी बालिकाको मृत्यु भएको छ । घरमा खेल्नेक्रममा फडिन्द्र मगरकी छोरी दियाना मगरको मृत्यु भएको हो । घरमा खेलिरहेकी बालिका चारे पकाउने पानीले भरिएको ठुलो भाँडोमा डुबिरहेको अवस्थामा आमा यमुनाले भेटेपछि यमुनाले छिमेकीलाई खबर गरेकी थिइन् । घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय केराबारीले जनाएको छ ।

औं २७

j flifs ; fwf/0f ; efdf ; xefuL xg ; DaGwL ; rgf

यस **राष्ट्रिय बहुमुखी सहकारी संस्था लिमिटेड** दमक-८ झापाको **२७ औं वार्षिक साधारणसभा** संस्थाको वार्षिक कार्यतालिका अनुसार मिन्न मिति,समय र स्थानमा हुने निश्चय भएकाले सम्पूर्ण शेयर सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

तपसिल :
मिति : २०८३ असोज १० गते शनिबार
समय : ११ बजेदेखि
स्थान : संस्थाको सभाहल, दमक-८ (झापा)

नोट : साधारणसभामा सहभागि हुने सदस्यहरूलाई पारवाहन सुविधा नियमानुसार प्रदान गरिने छ ।

राष्ट्रिय बहुमुखी सहकारी संस्था लि.
दमक-८ (झापा)

हार्दिक बधाई तथा शुभकामना

यस क्याम्पसका पूर्व विद्यार्थी **उत्तरकुमार खत्री** नेपाल सरकारको ;lrj -ljlzi6 >0fL_ को गरिमामय पदमा बढवा हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दछौं ।
साथै उहाँको कार्यकाल सफल रहोस् भन्दै शुभकामना ब्यक्त गर्दछौं ।

दुंडीराज भण्डारी
(अध्यक्ष)

यज्ञराज गिरी
(क्याम्पस प्रमुख)

एवम् **दमक बहुमुखी क्याम्पस परिवार**
दमक-झापा

सम्पादकीय

दमक-चिसोपानी सडकको नियति

पूर्वी पहाडलाई तराईसँग जोड्ने बहुप्रतीक्षित दमक-चिसोपानी न्यापारिक करिडोर तीन दशक बितिसक्दा पनि अधुरै रहनु राज्यको लाचारी र गैरजिम्मेवारपनको ज्वलन्त नमुना हो । झापा, इलाम र पाँचथर लाई जोड्ने यो ३३ किलोमिटर सडकखण्डको निर्माण वि.सं. २०४८ सालमा सुरू भएको थियो । तर, ३४ वर्षको लामो अवधिमा जम्मा साढे पाँच किलोमिटर मात्र कालोपत्रे हुनुले हाम्रा पूर्वाधार विकास योजनाहरूको गति र नियतमाथि गम्भीर प्रश्न उठाएको छ ।

ठेकेदार कम्पनीहरूको ढिलासुस्ती, समयमै काम सम्पन्न नगर्ने प्रवृत्ति र कानुनी उल्झनका कारण यो सडक वर्षौंदेखि अलपत्र छ । पहिलो खण्डको ठेक्का पाएको महालक्ष्मी-किरातेश्वर जेभीले पटक-पटक म्याद थप्दा पनि काम पूरा नगर्नु र दोस्रो तथा तेस्रो खण्डको जिम्मा लिएको लुम्बिनी-गणपति जेभीले आधा काममै ठेक्का छाडेर हिँड्नुले निर्माण व्यवसायीको गैरजिम्मेवारीपनलाई छताछुल्ल पारेको छ । ठेक्का रद्द र कानुनी प्रक्रियाका कारण विगत साढे दुई वर्षदेखि काम पूर्ण रूपमा ठप्प हुँदा स्थानीय बासिन्दाले दैनिक रूपमा खेप्नुपरेको सास्तीको लेखाजोखा कसले गर्ने ?

सडक सञ्चालन नहुँदा वर्षायाममा पहिरो र हिलोका कारण आवतजावत ठप्प हुने गरेको छ । संघ र प्रदेश सरकारको उपेक्षाका बीच माङसेबुङ, फाकफोकथुम र मिक्लाजुङ गाउँपालिकाले संयुक्त लगानीमा सडक मर्मत गरेर अस्थायी राहत दिने प्रयास गर्नु प्रशंसायोग्य छ । तर, स्थानीय सरकारको सीमित स्रोतसाधनले गर्ने यस्ता मर्मत दिगो समाधान होइनन् ।

अहिले सरकारले २६ किलोमिटर सडक कालोपत्रेका लागि १ अर्ब ६४ करोडको स्रोत सहमतिसहित नयाँ ठेक्का आह्वान गरेको छ। प्राविधिक मूल्यांकन सकिएर आर्थिक प्रस्ताव मूल्यांकनको चरणमा र हेको यो प्रक्रियालाई अब बिना ढिलाइ र पारदर्शी ढंगले अगाडि बढाउनुपर्छ । विगतका गल्तीबाट पाठ सिक्दै नयाँ ठेक्का प्रक्रियामा सक्षम र जिम्मेवार निर्माण कम्पनीको चयन गरिनुपर्छ। अब फेरि दण्डहीनता र कानुनी छिड्को फाइदा उठाउँदै आयोजना लम्ब्याउने छुट कसैलाई हुनुहुँदैन, यो सडकलाई अविलम्ब पूर्णता दिएर पहाडी क्षेत्रका नागरिकलाई सास्तीबाट मुक्ति दिलाउनु राज्यको पहिलो दायित्व हो ।

भोटेकोशीसग जेडिएका केही कुरा

✍ नकुल काजी

भूतपूर्व प्रधानमन्त्री तथा एमाले पार्टी अध्यक्ष केपी ओलीले जहिल्यै आफ्नो समग्र नैतिक हैसियत चटक्क बिर्सिएर, महाभारतकालीन शिशुपालको व्यहोरामा, प्रस्तुत हुने गर्नु त उनको नैसर्गिक चारित्रिक दोषको रूपमा लोक-दुनियाँमा सिद्ध भइसकेकै कुरा हो ।

भोटेकोशी महाप्रलयलाई देशका केही 'मुखिया पंक्ति'का नेता, तिनका अन्धभक्त भारदार, भाट र नेगीजोगीहरूले मौजूदा सरकार विरुद्ध छुल्याई गर्ने र विरोध कथुरेर हिलो छयाप्ने अवसरको रूपमा लिइरहेका छन् । उनीहरूका यस्ता टेढामेढा, निर्विवेक र मननवीय समवेदना निमिट्यान्न देखिने गतिविधिले अन्ततः देशकै इज्जत र स्वाभिमानमाथि परोक्ष-प्रत्यक्ष चोट पुगिरहेको त छ नै, त्यस घटनामा पीडित भएकाहरूका सहानुभूति अपेक्षु भावनामाथि नूनचूक छर्किने निर्मम मूर्खता पनि भइरहेको छ! मूल नेगियारे, वाचाल चारित्रिक अग्रणी मानिने, केपी ओली र उनकै अन्धभक्तिले विभ्रान्त भारदारहरू नै यस्ता दुष्कर्मको अग्रपंक्तिमा छन् ।

दुर्मुखे मुखिया अधीनस्थ चलेको पार्टी नामे यो हन्जामा बगालिएका थेत्तरहरू, देशभित्र उनीहरूलाई पत्याइनेको संख्या न्यून भइसकेको अवस्थाले, आत्तिएको स्थितिमा त छन् नै ! यो प्रलयकालमा झन धतुराएर तिनले देशभित्र र बाहिर समेत छरिरहेका 'सत्य'कै चिरन्तनताको पनि बलात् हत्या हुने भ्रमले उनीहरूको त्यो अपत्यारिलो अवस्था झन झाङ्गिदै गएको छ ! र, उनीहरूले अन्तर्राष्ट्रिय सूचना माध्यम गुहारेर यो दुरन्त समस्यामा फसेको देश नेपालका प्रति समवेदनशील विश्व-समुदायमा समेत देशको अस्मिता धुलीमाटी बनाउने लक्षण लक्षित भ्रम छर्ने अभियान मूर्खवत् हाँक्न थालेको पनि देखिँदो छ । अर्थात्, आज देशको वस्तुस्थितिको यथार्थ विरुद्ध यस्तो विलोम र दुर्भावपूर्ण चरम अनपेक्षित प्रकरण पनि शुरु गरेका छन् उनीहरूले !

भोटेकोशी बाढीकै प्रसंगसँग जोडेर हेर्दा सो पार्टीको हैसियत उत्कर्षकै आलोच्य र हास्यास्पद त छँदैछ ! आफ्नो पार्टीका तर्फबाट बाढी-पीडितको नाममा संकलित 'सहयोग' पनि, सामन्तयुगीन राजा-महाराजाकै शैलीमा, तिनीहरूका नेगियारलाई छुवाउनु भनेको यो युगको तरोताजा समय-सन्दर्भमा सौम्य थियो कि हास्यास्पद ? - यो स्वयम् 'समय'कै प्रश्न हो । बाढी-पीडित क्षेत्रमा सहयोग वितरण गर्ने विधिको यस्तो रंगोली सबैले देखेका छन् । देश शोक-विह्वल रहेको र लाखौं नागरिकको रोदन-क्रन्दन गुञ्जिरहेको अवस्थामा यसरी नेगियारको देवत्वकरण गरिने आवश्यकता किन परेको हो भन्ने विषय बियाँलो युग-सापेक्ष दृष्टिले केलाउँदा कतै पनि सौम्य वा उपयुक्त ठहर्दैन ! यो पनि इतिहासको रोदित पन्नामा लेखिएला ।

अतः त्यसरी, उनीहरूको दासत्वभाव बमोजिम पवित्रिकृत गरेको (?) ठानी बाढीग्रस्त जिल्लामा पु-याइएका सहयोग-सामग्री पनि, कसैको रोहबरी बिनै, उही पार्टीका मतदाता-समर्थकभन्दा ठूला दर्ज्यानी कमरेड हस्ते बाँडिने विधि अप्नाइने गरिँदैछ । अझ, सो उद्धार सहयोग वितरणमा ध्यान दिनुपर्ने कुरा भनेर 'हाम्रा भोटरलाई नछुटाउनु' भन्ने उहीं पार्टी-मूलीको 'राजकीय आज्ञा जस्तो फरमानद्वारा निर्देशित' देखिन्छ ।

हावा नचली पात नहल्लिनुपर्ने हो ! यस अर्थमा, यो चर्चाको यथार्थ त उनीहरूलाई नै पनि भलिभाँती थाहा नहुन सक्तैन । अर्थात्, राष्ट्रको यस्तो संवेदनशील समयमा पनि आफूहरू यस्तो तमाशा नार्न धक नमान्ने र सहयोगमा बचनबद्ध मित्रराष्ट्रहरूमा शंका-सन्देह पैदा गर्ने अधर्मी उद्देश्यनिहित बकवास र वयवहार गर्दै हिंड्ने वेइमानी पनि भइरहेको छ । यी सबैको नालीबेली, वर्तमान लोकतान्त्रिक राजनीतिका निर्णायक शक्तिरूपी मैदानी नागरिकसम्म, 'दृश्यहरू'-बाटै, छताछुल्ल भइसकेको छ । भोलि जनमत आवश्यक पर्दाको खण्डमा फेरि के भनेर, विगतमा जस्तै, जनमनलाई लट्याउन-पट्टाउन सकिएला त ? त्यतातिर उनीहरूले वास्ता नगर्नु भनेको पकारान्तरले देशका र देशवासीको पीडादायी दर्दका हकमा सर्वभावेन दुःखद छ ।

अर्कातिर , नेपालको मानचित्रभित्र पर्ने तराई-मधेश जस्तो तुलनात्मक सम्पन्न क्षेत्रका सदावहार 'नेता-लिडर' भइखाइरहेका हुकुमी पात्रहरू, यो देशले इतिहासकै सबभन्दा भयानक प्रलयको सामना गर्नु परिरहेको यतिका दुर्भाग्यपूर्ण दिनहरू बितिसक्तासम्म, 'चुँ'-सम्म नगरी कुन दुलोमा पसेर के जोखाना हेर्दै कहाँबाट आयातीत पिठोको रोटी सेक्तैछन् त ? वा, तिनका नाक-मुख कुन घुम्टोले कसले छोपिदिएको छ त ? यो अर्को सदासर्वदाको 'भू-राजनीतिक अप्ठ्यारो'-को परम्परागत विषयसँग जोडिने शंकाले पनि आकार ग्रहण गर्दैछ ! यो प्रलयले पहाडी र कछाड भूभागलाई मात्र होइन तराई-मधेशलाई पनि लछार्न-पछार्न बाँकी छोडेको थिएन ! यो विषय पनि केपी ओलीको विदेशी सूचना-माध्यमहरूसँगको ईर्ष्यायुक्त वार्ताले सिकसिकाएको वातावरणमा घोलिन थालेको छ ।

अझ, देशकै सम्पन्न मानिने तराई-मधेश क्षेत्रका दलपतिहरूलाई परम्परागत चलन बमोजिम 'जिमीदार'-को स्थानमा हेरिन्छ-बुझिन्छ । त्यस क्षेत्रमा अनेक दल छन् । तर, अन्य कुल-घरानाका सबै दल र व्यक्ति विशेषले पनि भोटेकोशीको रौद्र विनाशका प्रति संवेदनशील भावले गच्छे अनुसारको सहयोग जुटाइरहेको यो वेला तराई-मधेशको राजनीतिक जिमीदारगिरी गरिरहेकाहरू चाहिँ किन निस्पन्द छन् ? भविष्यले यो बलियो प्रश्नको जवाफ अवश्यै खोज्नेछ ।

भूतपूर्व प्रधानमन्त्री तथा एमाले पार्टी अध्यक्ष केपी ओलीले जहिल्यै आफ्नो समग्र नैतिक हैसियत चटक्क बिर्सिएर, महाभारतकालीन शिशुपालको व्यहोरामा, प्रस्तुत हुने गर्नु त उनको नैसर्गिक चारित्रिक दोषको रूपमा लोक-दुनियाँमा सिद्ध भइसकेकै कुरा हो । तर, चार-चार पटक देश चलाउने कार्यभार वहन गरिसकेको पार्टीमा जमेका अरूहरूमा पनि त्यही अचाहू दुर्गुण संक्रमित छ कि पार्टी सिङ्गै ओलीकै हुकुममा चल्ने उनैको 'प्राइभेट लिमिटेड' हो ? अहिलेको भोटेकोशी बाढी-वितण्डाको सन्दर्भमा फेरि यस्तो चर्चा, जो पहिला-पहिला पनि चल्दैआए झैं, निर्फानिन थालेको छ ।

एकातिर, सायद जेन-जेड विद्रोहबाट पलाएको आड-भरोसाबाट प्रणोदित भएर, लगभग आधै सक्रिय सदस्यले खुट्टे झिकेर पार्टी खुरन्धार ओरालो लागिरहेको वेला यो के भइरहेको हो ? यो पार्टीको भविष्य उनै दुई-चारजनाको भारदारी-भाटगिरीले चल्छ कि नागरिक तप्काको साथ-समर्थनको जगेडा पनि चाहिन्छ ? अहिले यिनै र यस्ता दर्जनौं प्रश्नहरू जन-समाजमा हुन्हुनाउन थालेका छन् ।

गत पछिल्लो निर्वाचनमा भोगेको शरमनाक हारले उनीहरू विक्षिप्त हुनु त, त्यस अघिका दिनहरूमा फर्माउने गरिएका अनगिन्ती अहंकारी दुर्मुख्याइँयुक्त नाटइीका सेरोफेरोमा, स्वाभाविक नै मान्नु पर्दो हो । विगतमा अनेक थरिका सुख र समृद्धिका फोस्रा आश्वासनमा अल्मलिनु पर्दै र दैनन्दिन बढ्दो कष्टकर जीवन-व्यवहार भोग्दै आएका मैदानी नागरिक र खासगरी दलीय पक्षपात र होचो-अर्धे लोबाट प्रताडित सचेत र ऊर्जावानहरूमा भरिएका तिता अनुभूतिको परिणाम त्यस्तैभन्दा भिन्न के हुन पो सक्थ्यो र ! तर, यी सबै कुरा समेटिएको राजनीतिक ऐनामा पार्टीका मालिक-भारदारहरूले आफ्ना अनुहार हेर्नु पर्दथ्यो-जुन विवेक र सचेतन उनीहरूमा देखिएन मात्र होइन, 'मर्ने बेलामा हरियो काँक्रो' उखान चरितार्थमै उनीहरू रमाइरहनु अर्को उदेक लाग्ने विषय पनि बनेको छ । अन्यथा, यसबेला उल्टै यो महासंकटसँग जुदिरहेकाहरूका सेवामा जुटिरहेकाहरूलाई हियाउने, गिज्याउने, दुरुत्साहित गर्दै मनोवल गिराउने वा 'सौताको रीसले पोइको काख बिगार्ने' उखान जस्तो गतिविधि हुनु कुन अर्थमा उचित थियो त ?

किनभने, लोक-दुनियाँ नै भोटेकोशी-बाढीको उपद्रवका हृदयविदारक दृश्यहरूका साथै राज्यतर्फको क्षमताले भ्याएसम्म उद्धार र राहतका कामहरू भइरहेका दृश्यहरू 'देखि-जान्ने' साक्षी भइसकेका छन् । तर, त्यसै क्षेत्रमा पुगेर विदेशी सूचना माध्यमहरू मार्फत 'केही काम भएको छैन, सरकार विफल भइरहेको छ' भनेर भ्रम छर्ने घनघोर अपराध गरिँदैछ । लोकतन्त्रमा जनता सर्वोपर शक्ति हो भन्ने बुझेकैका मुखबाट यस्तो सफासफी झुट्टो बयान व्यक्तिनु सोझै 'आफ्नै घुँडामा बञ्चरो' हान्नु सरह हुँदैन र ? यही कुरो अहिले जन-जनका मुख र कानको प्राथमिकता रहेको छ, जो भोलिको राजनीतिलाई सोझै आत्मघाती हुने निश्चित छ ।

२०८१ असोजमा भल-बाढीले काठमाडौं जलाम्मे हुँदा केपी ओली नै प्रधानमन्त्री थिए । पीडितहरूका तर्फबाट उद्धार र राहतको कुरो लिएर जानेहरूलाई उनको ओठे जवाफ थियो -'जलवायु विज्ञान विभागले बाढी आउने पूर्व सूचना त दिएको हो । तर, बाढी कहाँनेर कहिले आउँछ र के-के बगाउँछ, के-के भत्काउँछ भन्ने त भनेको थिएन नि !'... अहिले बाढीको पूर्व सूचना लगायत उद्धारमा सरकारका पदाधिकारी र सारा सरकारी संयन्त्रहरू ज्यानको बाजी लगाएर रातोदिन खटिरहेका छन् । सम्हालिनसक्नु भत्ताभुङ्ग स्थितिबाट हजारौंको उद्धार गरिसकेका छन् - गरिरहेका छन् । बेघरबार भएकाहरूलाई तत्कालीन वसोवास, खानपीन र लत्ता-कपडा समेतको व्यवस्थाका साथ दर्जनबढी होल्डिङ सेन्टरमा सुविधा दिएर राखिएका छन् । घाइतेहरूलाई अस्पतालहरूमा निशुल्क उपचार सुविधा जुटाइएको छ । बगेका-भत्केका पूल र बाटाहरू सुरक्षाका साहसीहरूद्वारा युद्धस्तरमा बन्दैछन् । पीडित परिवारका बाल-बालिकाका अध्ययन लक्षित 'छात्रबृति बैंक' नै खोलेर राज्यले जिम्मेवारी लिने पूर्वाधार तैयार भइसकेको छ । इत्यादि ।

अतः, यी सबमा दिलोज्यानले लागेका राज्य-संयन्त्रहरू, तिनलाई निःस्वार्थ सहयोग पुर्याइरहेका देशी-विदेशी उदारमनाहरूको मनोबल बढाउनु त कता हो कता, चार-चार पटक देशको सरकार-प्रमुख भइसकेको व्यक्तिले त्यो हदको गैरजिम्मेवार सूचना विदेशतिर प्रवाह गर्ने सहयोगमा जुटेका उनीहरूलाई पनि शंका-संशयमा पार्ने दुष्चेष्टा भएवाट उत्पन्न विडम्बनालाई जति नै धिक्कारे पनि पुग्ने देखिएको छैन । यो विषयलाई यसरी नै जन-समाजले आ-आफ्ना वर्गीय हैसियतले बुझेका छन् । त्यति मात्र होइन, अहिलेको जन-समाजले, पूर्वदीप्तिमा, अथवा पुराना दिनका आड जुर्किने सरकारी लापर्वाहीका मनै विह्वल हुने अनेकन घटनाका स्मरणहरूलाई पनि यस प्रसंगसँग जोडेर हेर्दै नाक खुम्च्याउन थालेका छन् ।

त्यति मात्र होइन, 'राष्ट्रवाद'-को निखुर परिभाषाका अवयवहरूमध्ये कुनैसँग पनि मेल नखाने आद्योपान्त अक्कडो लीला गरिहिंड्ने मान्छेलाई 'राष्ट्रवादी'-को बिल्ला भिड़ाई नगरा-नरसिंगा बजाएर सकांई-सकांई देशको बाली-नाली स्वछन्द चर्ने-चराउने जिम्मेवारी दिएर व्याजरूपी छाली हसुनेहरू पनि उत्तिकै अपराधका भागी हुन् भन्दैछ अहिले नेपाली लोक ! आफ्ना चारवटै अख्तियारकाल राज्यशक्तिको अधिनायकीय तुजुके बुर्कुसी मोरेरै बित्यो ! आफ्ना हन्जाका कतिपय सुकुमबासीलाई धन-कुबेर बनाएर बित्यो ! कतिपयका घिनौला भ्रष्टाचार र कमिखोरीका घटना राज्यशक्तिको साँढे डुक्राइले तछ्रांएर ढाकछोप गर्नमै बित्यो ।

बिचौलियाका दान र कोशेली बटुल्नमै बित्यो ! खोला-नालाको प्राचुर्यले भरिभराउ देशका लागि भइपरी आउने विपदको बेला चाहिने औजार-सामग्री जुटाउनतिर ध्यान दिने जिम्मेवारीका लागि समय निस्केन ।अहिलेकै ताजा विकराल देब्रो समय-सन्दर्भसँग पनि, दिमागमा निहित स्वार्थको खिया लागेका उनीहरूले नानाथरिका उकुर्जी बखेडा र डेउढा कुरा बखान्न मज्जा मानिरहेका छन् । उनीहरूले बुझ्नै आवश्यक नठानेका यस्ता अनेकानेक विषय छन् । उनीहरू नै थप फेरि यस्तै दुत्कार्य नयाँ-नयाँ विषय उत्सर्जन गर्दैछन् अनि 'विनाशकाले विपरीत बुद्धि' उखान अभ्यासमा उतार्दैछन्, यी सबैको नालीबेलीको बखान छोटोमा हुन सम्भव नै छैन । त्यसैले आजलाई बस्, यति नै । शेष फेरि ।

'वारपार'को स्थितिमा कांग्रेस

दमक/ १५औं महाधिवेशनको मिति नजिकिँदै जांदा कांग्रेस 'वारपार'को स्थितिमा पुगेको छ । सभापति गगन थापा र निवर्तमान सभापति शेरबहादुर देउवाबिच संवाद हुन सकेको छैन भने दुवै पक्ष महाधिवेशनको अन्तिम तयारीमा छन् । संवादको साटो थापा र देउवा दुवैले आफू पक्षले घोषणा गरेको १५औं महाधिवेशनमा सहभागी हुन नेता तथा कार्यकर्तालाई सार्वजनिक अपिल गरेका छन् । जसले दुई पक्षबिच दूरी झन् बढाएको छ ।

निवर्तमान सभापति देउवाले मंगलवार अपिल जारी गरेको केही समयमै सभापति गगन थापाले पनि आह्वान गर्दै महाधिवेशन प्रक्रियामा सहभागी हुन आग्रह गरेका हुन् । पार्टीको विधानवमोजिम विशेष महाधिवेशनपछि सम्पन्न हुन गइरहेको १५औं महाधिवेशनको प्रक्रियामा पार्टीका सबैको सहभागिता सुनिश्चित गर्न पूर्वको केन्द्रीय कार्यसमितिका तत्कालीन पदाधिकारी एवं सदस्यहरूलाई वर्तमान केन्द्रीय कार्यसमितिको सदस्यका रूपमा समावेश गर्ने गरी आवश्यक प्रबन्ध गरिसकेको थापाले स्पष्ट गरेका छन् ।

थापाले भनेका छन्, '२०८३ असोज १६ देखि १९ सम्म काठमाडौंमा सम्पन्न हुने नेपाली कांग्रेसको १५औं महाधिवेशनका लागि २०८३ असोज ३ र ४ गते बडा तहबाट हुने अधिवेशनमा कुनै अलमलमा नपरी उत्साहका साथ सहभागी हुन नेपाली कांग्रेसका सम्पूर्ण क्रियाशील सदस्य, समर्थक तथा शुभेच्छुकहरूलाई हार्दिक आह्वान गर्दछु । नेपालको सँविधान, कांग्रेसको विधान र प्रचलित कानूनवमोजिम हुन लागेको महाधिवेशनको पूर्वसन्ध्यामा देशभित्र र देशबाहिर विभिन्न तहमा रहेर पार्टीको बृहत्तर हितका लागि निरन्तर चिन्ता चासो व्यक्त गर्ने, संवाद, सहमतिका लागि सत्प्रयास गर्ने र अधिवेशन प्रक्रियामा सक्रिय रहने सबै सदस्य, समर्थक शुभेच्छुक साथीहरूप्रति आभार प्रकट गर्दछु ।'

थापाले महाधिवेशनमा सबैको सहज एवं उत्साहपूर्ण सहभागिता सुनिश्चित गर्न, कोही पनि कांग्रेसका सदस्य वञ्चित नहुन् भन्ने भावनाका साथ केन्द्रीय कार्यसमितिले पार्टीभित्र आपसी संवाद, सहमतिको वातावरण बनाउनका लागि अधिकतम प्रयास गर्दै आएको उल्लेख गरेका छन् । 'लोकतन्त्रमा फरक मत हुने गछ्न्, पार्टीभित्र आन्तरिक मतभेद र असमझदारी हुन सक्छन्, तर ती भिन्न मतको सम्मान गर्न सक्नु, संवाद, विधि र पद्धतिवाट त्यसको समाधान खोज्नु नै लोकतन्त्रको सुन्दर पक्ष हो,' उनले भनेका छन् ।

कांग्रेसमा फरक मतलाई स्वीकार गरेर विधि र पद्धतिका आधारमा समाधान खोज्ने परम्परा रहँदै आएको थापाले स्मरण गरेका छन् । जिम्मेवारीबोधका साथ वर्तमान कार्यसमितिले समस्त कांग्रेसजनको मनोभावनाअनुसार पटक-पटक संवादमार्फत सहमतिका सबै विकल्प स्वीकार गरेर सहभागिताको प्रयास गरेको उनले दावी गरेका छन् । 'पार्टीको आन्तरिक जीवनमा सबै सदस्य सहभागी भएर हुने महाधिवेशन नै यस्तो विधि र उत्तम विकल्प हो, जसले फरक विचारलाई सम्मान, सम्बोधन र उचित विचारलाई अनुमोदन गर्दछ,' थापाले भनेका छन्, 'महाधिवेशनमार्फत हामी सबैको सामूहिक प्रयासबाट पार्टीलाई ऐक्यबद्ध र गतिशील बनाउँदै राष्ट्रका चुनौतीको सामना गर्न सक्ने बलियो कांग्रेस बनाउनेछौं ।'

पार्टीका अग्रज नेताहरू, पार्टीका विभिन्न तहका पदाधिकारी एवं सदस्यहरूबाट आएको सुझावलाई मध्यनजर गरी ०८२ पुससम्म नवीकरण भएका सबै क्रियाशील सदस्यहरूलाई अधिवेशन प्रक्रियामा सहज सहभागिता गराउने निर्णय गरिएको र त्यसअनुसार सदस्यता व्यवस्थापन समितिले सदस्यता नामावली टुंग्याइसकेको थापाले जानकारी गराएका छन् । तत्कालीन केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू वर्तमान केन्द्रीय कार्यसमितिको पनि सदस्य सुनिश्चित भइसकेकाले १५औं महाधिवेशनको यो प्रक्रियामा केन्द्रीय सदस्यका रूपमै सहभागी हुने हुँदा कुनै पनि अलमल एवं द्विविधामा नपरी असोज ३ र ४ गतेको बडा अधिवेशनलगायत अन्य तहका निर्धारित कार्यतालिकावमोजिमका अधिवेशनहरूमा सहभागी हुन उनले आग्रह गरेका छन् ।

देउवा मूकदर्शक भएर नबस्ने, संस्थापनसँग सबै मोर्चामा भिड्ने

कांग्रेस विवाद पार्टी विभाजनकै बिन्दुमा पुग्ने लाग्दा १४औं महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवा संस्थापनसँग राजनीतिक, कानुनी र प्राविधिकसहितका सबै मोर्चामा भिड्ने तयारीसहित 'फ्रन्टफुट'मा उत्रिएका छन् । १५औं महाधिवेशनबाट नेतृत्व हस्तान्तरण गर्नु आफ्नो दायित्व र कर्तव्य रहेको भन्दै देउवाले पूर्वमहामन्त्री डा. शशांक कोइराला संयोजक रहेको १५औं महाधिवेशन तयारी समितिले ल्याएको कार्यतालिकाअनुसार महाधिवेशनमा सहभागी हुन अपिल गरेका छन् ।

मंगलवार अपिल जारी गर्दै देउवाले १४औं महाधिवेशनबाट निर्वाचित सभापतिको रूपमा १५औं महाधिवेशन सम्पन्न गरी पार्टीको नेतृत्व हस्तान्तरण गर्नु आफ्नो वैधानिक, राजनीतिक तथा नैतिक दायित्व र कर्तव्य भएको दावी गरेका छन् । पार्टीलाई कमजोर गर्ने कार्य हुँदा मूकदर्शक भएर बस्न नसक्ने पनि बताएका छन् । 'कांग्रेसको विधान र नेपालको सँविधानवमोजिम महाधिवेशन गर्ने पर्याप्त समय बाँकी हुँदा पनि सहमतिवेगर हतारमा कथित विशेष महाधिवेशन पक्षधरहरूले पार्टीलाई कमजोर गर्ने, विभाजन गर्ने गरी अवैधानिक रूपले अधिवेशन गरेमा म पार्टीलाई कमजोर गर्ने कार्य हुँदा मूकदर्शक भएर बस्न सक्ने छैन,' देउवाले भनेका छन् ।

सानेपाले जारी गऱ्यो निर्वाचन निर्देशिका

कांग्रेसको आगामी असोज १६-१९ मा हुने १५औं महाधिवेशनमा सभापतिको उम्मेदवार बन्न ४० हजार रुपैयाँका साथै १०-१० जना प्रस्तावक र समर्थक चाहिने भएको छ । मंगलवार जारी 'निर्वाचन निर्देशिका- २०८३' अनुसार उपसभापति र महामन्त्रीमा उम्मेदवारी दिन २०, सहमहामन्त्रीका लागि २० र केन्द्रीय सदस्यको उम्मेदवारी दर्ताका लागि ११ हजार शुल्क लाग्नेछ । यस्तै, प्रदेश सभापतिका लागि २०, उपसभापति र महामन्त्रीका लागि १५, सहमहामन्त्रीका लागि १० र सदस्यका लागि पाँच हजार शुल्क लाग्नेछ । जिल्ला सभापतिका लागि १५, उपसभापति र सचिवका लागि सात, सहसचिवका लागि ६ र सदस्यका लागि तीन हजार शुल्क लाग्ने भएको छ । निर्वाचन निर्देशिकाअनुसार केन्द्रीय महाधिवेशन प्रतिनिधिका लागि ७ र महासमिति सदस्यका लागि पाँच हजार शुल्क लाग्नेछ । प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति सभापतिका लागि १०,

हरेक वर्ष कन्या संक्रान्ति अर्थात असोज १ को दिनमा अर्थात १७ सेप्टेम्बरमा विश्वकर्मा पूजा गरिन्छ । यो दिन भगवान विश्वकर्माको जन्म भएको थियो यसैले यस दिनलाई विश्वकर्मा जयन्ती पनि भनिन्छ ।

नेपाल लगायत भारतमा विश्वकर्मा पूजा उल्लासपूर्ण तरिकाले मनाइन्छ । यसैले विश्वकर्मा पूजाको दिन उद्योग, कलकारखाना र हरेक किसिमका मेसिनहरुको पूजाआजा गरिन्छ । यो पूजा सबै कलाकार, शिल्पकार र औद्योगिक घराना, व्यापारी र मजदुरहरुले गर्छन् ।

यो दिन धेरैजसो कलकारखाना बन्द रहन्छ र मानिसहरुले हर्षोल्लासको साथमा भगवान विश्वकर्माको पूजा गर्छन् ।

विश्वकर्मा भगवान को हुन् ?

भगवान महादेवले ब्रह्मा र विष्णुलाई सृष्टिको सृजना र पालनको भिन्न भिन्नै जिम्मेवारी दिएका थिए । सृष्टिको सृजना गर्ने आफ्नो जिम्मेवारी निभाउन ब्रह्माले आफ्नो वंशजदेव शिल्पी विश्वकर्मालाई आदेश दिए ।

विश्वकर्मालाई विश्वकै सबैभन्दा पहिलो इन्जिनियर र वास्तुकार पनि मानिन्छ । उनले पाताल, मध्यलोक र स्वर्गलोक गरी तीनै लोकको निर्माण गरे ।

भगवान विश्वकर्माको महत्व यो कुराले पनि स्मरण सकिन्छ कि उनको महत्वको वर्णन ऋग्वेदमा ११ ऋचाहरु लेखेर गरिएको छ ।

उनको अनन्त र अनुपम कृतिमा सत्ययुगमा स्वर्गलोक, त्रेतायुगमा लंका, द्वापयुगमा द्वारिका र कलियुगमा जगन्नाथ मन्दिरको विशाल मुर्ती आदि रहेका छन् ।

विश्वकर्मा पूजाको आध्यात्मिक महत्व

जसको सम्पूर्ण सृष्टि र कर्म व्यापार हो उनीहरु विश्वकर्मा हुन् । सजिलो भाषामा भन्ने हो भने सम्पूर्ण सृष्टिमा जुन पनि कर्म सृजनात्मक हो जुन कामले जीवको जीवन सञ्चालित हुन्छ । उनीहरु सबैको मुल विश्वकर्मा हो । त्यसैले उनको पूजनले प्रत्येक व्यक्तिलाई प्राकृतिक उर्जा दिन्छ र काममा आउने सबै बाधा अड्चनहरुलाई तोडिदिन्छ भन्ने विश्वास रहेको छ ।

विभिन्न पुराण तथा उपपुराणहरूमा बताइएअनुसार विश्वकर्मालाई विश्वकै पहिलो इन्जिनियर र वास्तुकारको रूपमा व्याख्या गरिएको छ । विश्वकर्मा मात्र यस्ता देवता हुन् जसले सृष्टिको आदिमा ब्रम्मलाई सहयोग गरे। सृष्टिको मध्यमा देवता, दानव र मानवलाई सहयोग गरिरहे। सृष्टिको अन्त्यमा स्वयंका लागि रुद्रको स्वरूपमा यस संसारलाई महाप्रलय गराउन आउनेछन् । यसरी हेर्दा यस संसारमा विकसित भएका हरेक हातहतियारका निर्माता विश्वकर्मा हुन् । विश्वकर्माले बनाको हतियारले जीवन सुरु हुन्छ । हतियारमा नै जीवन बाँच्छ र हतियारबाट नै जीवन समाप्त हुन्छ । विश्वकर्मा पूजा भन्नसाथ हामी विभिन्न कलकारखाना, पार्टपूर्जा, यन्त्रको पूजाआजा गर्छौं ।

स्वास्थ्य

slAhot x6fpg s vfg <

कब्जियत आफैंमा कुनै रोग होइन । यो पेट, आन्द्रा अथवा समग्र पाचन प्रणालीमा उत्पन्न समस्याको असर मात्र हो । प्राकृतिक रूपमा कब्जियतको समस्या कम गरी दिसा खलास गर्न यस्ता खानेकुरा खानमा जोड दिनुपर्छ :

रेसायुक्त खाना :
गहुँ, मकै, बोक्रासहितको आलु, हाडेबदाम, तरकारी, जौजस्ता रेसायुक्त खाना बढी खानाले कब्जियतको समस्या कम हुन्छ । रेसायुक्त खानाले पाचन प्रक्रियालाई सहज बनाउँछ ।

गेडागुडी :
गेडागुडीमा प्रोटिन, भिटामिन र फाइबर प्रचुर मात्रामा हुन्छन् । दिनहुँ यस्ता खानेकुरा खाने गर्नाले कब्जियतको समस्या क्रमशः कम हुँदै जान्छ ।

मह :
बिहान मनतातो पानीमा मह र कागतीको रस मिसाएर खाने गर्नाले कब्जियतको समस्या कम हुन्छ ।

कागती :
कागतीमा सिट्रस एसिडको मात्रा उच्च हुन्छ, जसले आन्द्रामा जम्मा भएका फोहोरलाई निकास गराउन मद्दत गर्छ । खाना, पेय आदिमा कागती दिनहुँ खाने गर्नु कब्जियतको समस्या भएकाका लागि लाभदायक हुन्छ ।

योग : पेट, आन्द्रा, कलेजोलगायत शरीरका भाग तन्किने खालका योगासन गर्नाले पनि कब्जियतको समस्या कम हुन्छ । विशेषज्ञबाट उपयुक्त योगासनबारे परामर्श लिई दिनहुँ योग गर्नाले दिसा खलास नहुने समस्याबाट क्रमशः मुक्ति पाउँदै गइन्छ ।

पानी : कब्जियतको समस्या कम गर्ने अचुक उपायमध्ये पानी एक हो । कब्जियत भएकाहरूले सामान्य मानिसले भन्दा बढी पानी खानुपर्छ । यसले आन्द्रा, पेट आदिलाई सफा राख्छ । पानीको सट्टा सोडा, कोल्ड ड्रिंक्स आदि खाने बानी बसाल्नु भने हुँदैन ।

फलफूल र तरकारी :
ताजा फलफूल र तरकारीमा भिटामिन, खनिज र फाइबर प्रशस्त मात्रामा पाइन्छन् । साथै फलफूल र तरकारी बढी खाने गर्नाले पानीको 'इन्टेक' पनि बढ्न पुग्छ । कब्जियत भएकाहरूले फलफूल र तरकारी बढी मात्रामा खानुपर्छ ।

k/s egf0x?

१. तिमीले गर्न सक्ने कल्पनानै तिम्रो अन्तिम लिमिट हो ।
२. आफैले आफैलाई अघि बढाउ किनकि तिमीलाई धकेल्न यहाँ कोहि आउनेवाला छैन ।
३. कहिलेकाहीँ 'पछी गरौला' भन्ने कहिल्यै नगरिन पनि सकिन्छ तसर्थ जे छ आजैबाट सुरुवात गर ।
४. जतिपनि महान कुराहरु छन् ति आराम र सजिलो बाटोबाट आउदैनन ।
५. सफलता त्यस्तो चिज हो जुन घुम्दै तपाइको दैलोमा आइपुग्दैन, यो त तपाई आफैले संघर्ष गरेर उसको दैलोसम्म पुग्नुपर्ने हुन्छ ।
६. जति कडा परिश्रम तिमि केहि चिज प्रति गर्छौ नि त्यति नै उच्चतम सन्तुष्टि मिल्नेछ जब त्यो काम सफल हुनेछ ।
७. जहिल्यै पनि ठुलो सपना देख अनि गहन मेहनत गर । साना सपना र त्यसको निम्ति गरिने कामले तिमीलाई केहि मिल्दैन, कहि पुर्याउदैन।
८. थाक्दैमा आराम गर्ने होइन, जब एउटा काम फत्ते हुन्छ तबमात्र आराम गर ।
९. हरेक बिहान संकल्पका साथ उठ, अनि हरेक बेलुकी सन्तुष्टिका साथ सुत ।
१०. आज त्यस्तो केहि सुरुवात गर ताकी भबिष्यले पनि भोलि तिमीलाई धन्यवाद भनोस् ।

SHREE RATNA JEWELLERY
सुनचाँदी व्यवसायी संघ, दमक
हिजोको सुनचाँदी बिक्री दर
छापावाल सुन | ३,०१,३००।-
चाँदी | ८,७००।-
दमक, झापा
9815996315

dgf/~hg

'लै बरी लै'मा सजिना र निखिलको चर्चा !

दमक/ 'नाँच्न जान्दिनं' भन्ने निखिलले फिल्म 'आचार्य'को गीत 'लै बरी लै'मा नाचेर देखाईदिए । यो उनकै निर्देशनमा बनेको फिल्म पनि हो । अर्कोतर्फ एक्सन हिरोको छवि बनाएका निखिल रोमान्टिक मुडमा देखिए । सजिना श्रेष्ठसँग रोमान्स गर्न बगैंचा, बाल्कोनी, बाइक राइडदेखि स्विमिङ पुलमा पनि डुबुल्की मारेका छन् । यो निखिललाई कति सुहाएको छ ? प्रश्न जो-जसबाट उठे पनि जवाफ दर्शकले दिने हो । अर्को जवाफ चाहिँ निखिलले नै दिनुपर्छ, त्यसको प्रश्न हो, 'उमेर अन्तर बढी नै भएको नायिकासँग अनस्किन रोमान्स उपयुक्त छ त ?'

तर, अनस्किन रोमान्समा उमेरले के छेक्थ्यो ? बस् अस्वभाविक देखिनु भएन । देखिए फिल्मलाई नै घाटा हो । निखिल र सजिनाको केमेस्ट्री कस्तो देखियो ? यसको जवाफ पनि दर्शकले दिनेछन् ।

तर, एक तथ्य- निखिल यति रोमान्टिक औरामा प्रस्तुत हुँदा पनि दर्शकले उनको एक्सन नै खोजिरहेका छन् । कमेन्ट बक्सले यो पुष्टि गर्छ । यो भिडियोमा निखिलले आफूलाई रोमान्टिक देखाउन गेटअपमा ध्यान दिएका छन् । अलि बढी फोकस गरेर एब्स देखाएका छन् ।

हुन त निखिलको एब्स प्राकृतिक देखिएको छैन । उनी स्विमिङ पुलको डिलमा रोमान्टिङ मुडमा हिँडिरहँदा एक ठाउँमा एब्स मधुरो हुन्छ । लगभग हराउँछ । यो दृश्यले कमजोर भीएफएक्सको झल्को दिन्छ । धेरै दर्शकले यो नोटिस गरेका छन् ।

अर्थात्, गीतले पनि भीएफएक्सको चर्चा फेरि सामुन्ने ल्याएको छ । पहिलो झलक सार्वजनिक हुँदा यस फिल्मको कमजोर भीएफएक्सको चर्चा भएको थियो । त्यसबेला निखिल किनै अन्तेरिन्न नदेखेर [illegible] फिल्मको भीएफएक्स प्रति चिन्ता [illegible]

sljtf

हो, म प्रेममा छु !

पदम भण्डारी

सबैले साधारण देखेको त्यो केटीमा
म एउटा छुट्टै संसार देख्छु
सबैले सुनेको उसको हाँसोमा
म आफ्नो दिनको उज्यालो भेट्छु ।
ऊ ऐनामा आफूलाई हेर्छे,
म उसको अनुहारभन्दा पर
उसका आँखाभित्र
चुपचाप हुर्किरहेको
एउटा सपना हेर्छु ।

सायद त्यसैले उसलाई हेर्दा
म आफैँलाई बिर्सन्छु ।
हो, म प्रेममा छु ।
मलाई थाहा छैन, उसको मुस्कान किन
यति धेरै आफ्नोजस्तो लाग्छ
किन उसको एउटा सानो खबरले
मेरो दिनभरको थकान
एकैछिनमा हराउँछ
किन ऊ चुप लाग्दा
उसले नभनेका कुराहरु सुन्न खोज्छु
किन ऊ टाढा हुँदा पनि
उसको सम्झना मेरो वरिपरि
हावाजस्तै घुमिरहन्छ ।

उसले केही नभन्दा पनि
म उसको मौनता बुझ्न खोज्छु,
उसले केही नमाग्दा पनि
उसको मनले खोजेको कुरा
अनुमान गर्न खोज्छु
सायद प्रेम भनेकै
कसैका शब्दभन्दा बढी
उसको मौनता सुन्नु हो
हो, म प्रेममा छु ।
म उसलाई पाउन मात्र चाहन्नँ,
बुझ्न चाहन्छु ।

उसका डरहरूमा
आफ्नो हात राख्न चाहन्छु,
उसका कमजोरीहरूलाई
उसकै विरुद्ध प्रयोग नगरी
उसकै साथमा उभिन चाहन्छु
उसका सपनाहरूमा
आफ्नो नाम लेख्नुभन्दा
उसलाई आफ्नै आकाशमा
स्वतन्त्र उडेको हेर्न चाहन्छु ।

म त्यस्तो प्रेम चाहन्नँ
जसले उसलाई बाँधेर राखोस्
म त त्यस्तो प्रेम चाहन्छु–
जहाँ ऊ स्वतन्त्र भएर पनि
मलाई आफ्नो ठान्न सकोस्
जहाँ उसको खुसीका लागि
मेरो उपस्थितिभन्दा
उसको मुस्कान ठुलो होस् ।
हो, म प्रेममा छु ।

उसको आँखामा एउटा आँसु देख्दा
किन मेरो मन भारी हुन्छ ?
उसको ओठमा एउटा मुस्कान देख्दा
किन मलाई संसार जितेजस्तो लाग्छ ?
सायद म उसको
खुसीसँग यति धेरै जोडिइसकें कि
उसको हाँसो मेरो खुसी भयो,
र उसको दुःख मेरो बेचैनी ।

ऊ भन्छे- "केही भएको छैन ।"
म मुस्कुराएर "ठिक छ" भन्छु,
तर उसको आँखाले नभनेको कुरा
मेरो मनले सुनिसकेको हुन्छ ।
यही त हो होला– प्रेममा हुनु

कसैले केही नभन्दा पनि
धेरै कुरा बुझिरहनु
हो, म प्रेममा छु ।
मसँग उसलाई दिने
सुनको महल छैन
ठूला-ठूला वाचा गर्ने
शब्दहरू पनि छैनन्
तर एउटा मन छ–
जहाँ उसले चाहे
आफ्नो थकान बिसाउन सक्छे
एउटा काँध छ जहाँ ऊ रोए पनि
उसलाई आफ्ना आँसु लुकाउनु पर्दैन
एउटा साथ छ उसको खुसीमा
उसैसँग हाँस्न सक्ने र उसको दुःखमा
केही नभनी उसकै छेउमा बसिरहन सक्ने ।

म उसलाई जीवनभरको वाचा गर्न सक्दिनँ,
तर आज ऊ मेरो साथमा छ भने
आजको यो साथलाई साँचो बनाउन सक्छु
हो, म प्रेममा छु ।

मलाई थाहा छैन यो कथा कहाँ पुग्छ
उसको हात कहिल्यै मेरो हातमा आउँछ कि
आउँदैन,
उसको मनमा मेरो नाम बस्छ कि बस्दैन
सायद उसले मलाई
मेरो जति कहिल्यै सम्झिँदैन
सायद यो प्रेम
मेरो मनमै आएर
मेरो मनमै हराउँछ ।

तर पनि म उसलाई प्रेम गर्न
उसको स्वीकृतिको प्रतीक्षा मात्र गरिरहन
सक्दिनँ
किनकि प्रेम
सधैँ पाउनुको नाम होइन रहेछ
कहिलेकाहीँ कसैको खुसीमा
आफ्नो खुसी भेट्नु पनि प्रेम रहेछ
उसलाई टाढैबाट खुसी देख्न सक्नु पनि
प्रेम रहेछ
र कहिलेकाहीँ कसैलाई आफ्नो बनाउनुभन्दा
उसको जीवनमा एउटा सुन्दर सम्झना बनेर
बस्नु पनि प्रेम रहेछ ।

उसलाई भेटेपछि म पहिलेको म रहिनँ
उसको एउटा मुस्कान
मेरो दिनको कारण बनेको छ
उसको एउटा पीडा
मेरो रातको बेचैनी बनेको छ
र उसको नाम मेरो मनले
कसैलाई नसुनाई बारम्बार दोहोऱ्याइरहने
सबैभन्दा प्रिय शब्द बनेको छ
त्यसैले यदि प्रेममा पर्नु
अलि बहुलाउनु हो भने
हो, म प्रेममा छु ।

तर मेरो बहुलापन
संसारका लागि होइन,
मेरै लागि हो
उसलाई पाउनका लागि मात्र होइन,
उसलाई बुझ्नका लागि
उसलाई बाँध्नका लागि होइन,
उसलाई उड्न दिनका लागि
उसको जीवनमा
आफ्नो अधिकार खोज्नका लागि होइन
उसको खुसीमा
आफ्नो खुसी भेट्नका लागि
र सायद यही कारणले
मलाई भन्छन् यो मान्छे प्रेममा छ
किनकि मैले उसलाई अलि धेरै प्रेम गर्छु
त्यसैले म प्रेममा छु ।

ष्यष्पबेउअसथ् ष्दल देष्घः यअ् शव

दमक/ नेपाली सेना र सशस्त्र प्रहरीको टोलीले निरन्तर खोजी तथा उद्धार गर्ने क्रममा चिलिमेको सुरुङभित्र चार शव फेला पारेको छ । सशस्त्र प्रहरीका सहायक प्रवक्ता डीएसपी शैलेन्द्र थापाका अनुसार सुरुङभित्र थप मानिस जीवित वा मृत अवस्थामा रहेको हुनसक्ने सम्भावना रहेकाले खोजी कार्य जारी छ । भोटेकोशीमा आएको बाढीपछि सुरुङभित्र फसेकाहरूको खोजीका लागि नेपाली सेना र सशस्त्र प्रहरीको टोली परिचालन गरिएको थियो । टोलीले सुरुङभित्र थुप्रिएको माटो, ढुंगा तथा अन्य अवरोध हटाउँदै खोजी गरिरहेको छ । खोजीका क्रममा चार शव भेटिए पनि उनीहरूको पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

दैनिक राशिफल

आज मिति
१०८३ साल
असोज ०१ गते
बिहीबार
17 Sept. 2026
तिथि: षष्ठी

ज्यो. लक्ष्मी प्र. दकाल
ठेगान : क्याम्पस मोड, सागरमाथा आचल निगम, उत्तर
सम्पर्कका लागि:
९८६३१०८९९/९८१७००१५६५

मेष (च, चे, लो, ला, लि, ली, लु, ले, लो, अ)	मनमा उत्साह औंजर बढ्ने । गरेका कामहरुमा सफलता ।
कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)	साथीभाइबाट सहयोग । अध्ययन क्षेत्रमा सुधार ।
तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)	स्वास्थ्यमा ख्याल गर्नु । मन धार्मिक कार्यमा जाने ।
मकर (भो जा जी खि खु खे खो गा गी)	परिवारमा खुशीयाली । नयाँ बस्त्रधारणको योग ।
वृष (इ उ ए ओ वा वि वु वे वो)	रोजगारको अवसर प्राप्ती । खर्चको मात्रा अनि बढ्ने ।
सिंह (मा मि मु मे मो टा टि टु टे)	मान्यजनबाट आशिर्वाद । मिष्ठान्न परिकार प्राप्ती ।
वृश्चिक (तो ना नि नैं ने नो या यि यु)	पठन पाठनमा सुधार । भ्रमणको योग । मित्र मिलन ।
कुम्भ (गैं गे गो सा सी सैं से सो द)	मन खिन्न । स्वास्थ्यमा क्रमिक सुधार ।
मिथुन (का कि कु घ ङ छ के को हा)	शरीरमा आलस्य । आर्थिक पक्षमा सुधार ।
कन्या (टो प पी पैं ष ण ठ पे पो)	मनमा धेरै कुरा खेल्ने । योजना अनुसार काम अघुरो ।
धनु (य यो भा भी भ धा फा ढ भे)	आर्थिक उन्नति । ब्यापार व्यवसायमा लाभ ।
मीन (दि दु थ झ ञ दे दो चा ची)	मानसम्मान मिल्ने । सामाजिक कार्यमा सरिक ।

अभावमा जीवन निर्वाह गरिरहेका परिवार

धनकुटा/ धनकुटाको पाखीबास नगरपालिका-७, मुगास्थित थाक्लेकी ६० वर्षीय तारा तामाङको घरमा अझै पनि विद्युत पुगेको छैन । गाउँमा सबैको घरमा साँझ परेपछि उज्यालो बत्ती बल्छ । तर उनको घरमा भने साँझ परेपछि कुपी बल्छ । गाउँको बस्तीभन्दा उहाँको घर केही टाढा रहेको छ । करिब दुई दशक अगाडि गाउँमा विद्युतको विस्तार भएपनि तामाङ कुपीको भरमा बस्दै आएका छन् ।

'सबैको घरमा बिजुली पुग्यो, साँझ परेपछि उज्यालो हुन्छ । आँ नो घरमा भनेको बेला मट्टितेलसमेत हुँदैन, अँध्यारैमा बस्नुपर्ने बाध्यता रहेको छ ।' उनले भनिन् । 'एउटा मोबाइल किनेको छु, चार्ज गर्नसमेत करिब २० मिनेटको बाटो हिँडेर अर्काको घर जानुपर्ने बाध्यता रहको छ । कसैको अर्मपर्म काम गर्न बोलाउँदा फोन गर्ने गर्छन्, जाने गर्छु त्यहीँ मोबाइल चार्ज गर्छु,' उनको भनाइ छ ।

रातिको समयमा घर आसपास सबैको घरमा उज्यालो हुने तर उनको घरमा भने रातमा सधैं अन्धकारले छोपिँदै आएको छ ।

पाखीबास बजारबाट पैदल करिब एक घन्टा ३० मिनेटमा मुगा गाउँ पुगिन्छ । उमेरले ६० वर्ष पुगेका नरबहादुर तामाङ (क्षमक)को पनि उस्तै समस्या रहेको छ ।

'सबैको घर-घरमा साँझ परेपछि बत्ती बल्छ । आँ नो घरमा कहिलेकाहीँ मट्टितेल पनि हुँदैन, अध्यारो दाउरायो भरमा बस्नुपर्ने बाध्यता छ,' उनले भने 'गाउँगाउँमा सिंहदरवार भन्छन् सायद यही होला ।'

गाउँमा सबैतिर विद्युत लाइन विस्तार भएपनि उहाँहरूको घर बस्तीबाट टाढा रहेकाले विद्युत लाइन विस्तारमा समस्या भएको वडाध्यक्ष देवेन्द्र तामाङले बताए । दुईघरका लागि प्रधिकरणबाटै विद्युत् विस्तारका लागि तार, पोल र अन्य आवश्यक सामाग्री चाहिने हुदाँ वडाले मात्रै गर्न नसक्ने उहाँको भनाइ छ । तर पनि वडाले आवश्यक समन्वय गरी विद्युतलाई विस्तारका लागि काम गरिरहेको वडाध्यक्ष तामाङको भनाइ छ छ । यता विद्युत प्राधिकरण धनकुटाका प्रमुख विजलीप्रसाद यादवले भने गाउँका केही घरहरू बस्तीबाट टाढा रहेकाले विद्युत् विस्तारमा समस्या भएको बताए ।

पूर्वी पहाडी जिल्ला धनकुटाका गाउँमा स्थानीयबासी अझै पनि विद्युतको पहुँचभन्दा बाहिर रहेका छन् । जिल्लाका सहर तथा गाउँमा सडक पहुँचसम्म विद्युत विस्तार भएपनि केही ठाउँका स्थानीयबासी भने अझै पनि विद्युतको पहुँचभन्दा बाहिर रहेका हुन् ।

लागुऔषधको कारोवारी पक्राउ

दुधे/ भापाको कनकाई नगरपालिका ३ सुरुङ्गा बजार क्षेत्रमा डेरा लिएर लागुऔषधको कारोबार गर्दै आएका एकजना कारोबारी पक्राउ परेका छन् । कन्काई वडा नं. ३ सुरुङ्गामा डेरा कोठाभाडामा बस्दै आएका ३५ वर्षीय बादशाह भन्ने फियाज मोमिन लागुऔषध बिक्री गर्दै गर्दा पक्राउ परेका छन् ।

उनको साथबाट प्लास्टिकसहित २५ ग्राम १० मिलिग्राम (१३९ पोका) ब्राउनसुगर फेला पारेको हो । त्यस्तै, नाइट्रोजन ६ पत्ता ६० पिस, नगद १२ हजार, एक थान डिजिटल तराजु र दुई थान मोबाइल पनि बरामद गरिएको जिल्ला प्रहरी कार्यालय भापाले जानकारी दिएको छ ।

बाँदरलाई.....खेद्ने क्रममा भलाबहादुरले गोली चलाउदा अर्कोतर्फ रहेका श्यामबहादुरलाई लागेको बताइएको छ । भलाबहादुर र भरूवा बन्दुक प्रहरीको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी प्रहरी निरीक्षक निराजन बरुनेतले बताए ।

भापामा...
देखेर प्रहरी र वन कार्यालयलाई खबर गरेका थिए । हात्तीको मृत्युको स्पष्ट कारण भने अझै खुल्न नसकेको यादवले बताएका छन् । मेचीनगरका वडा नम्बर २, ३, ४ र ५ मा लामो समयदेखि जंगली हात्तीले मानवीय क्षति गर्नुका साथै किसानको खेतीबालीमा ठूलो नोक्सानी पुर्याउँदै आएको छ । भापामा मेची नदी पार गरेर भारतीय जङ्गलबाट ठूलो संख्यामा जङ्गली हात्ती चरणका लागि आउने गरेका छन् । यसबाहेक स्थानीय जङ्गलमै बस्दै आएका रैथाने हात्तीको सत्या पनि हालैका वर्षहरूमा बढेको छ ।डिभिजन वन कार्यालयको तथ्यांकअनुसार पछिल्लो १६ वर्षमा भापाका विभिन्न क्षेत्रमा २८ वटा जंगली हात्ती मृत भेटिएका छन् ।

हास्य....
मोरङ जिल्ला कानेपोखरी -६ बस्ने २१ वर्षको करुण वि क, वेलका न पा बस्ने २० वर्षको सुदिप राई र काठमाडौं बुढानिलकण्ठ -५ बस्ने ४३ वर्षीया शान्ति न्यारिका रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका २ जनालाई, काठमाडौं र ९ जनालाई बिराटनगर रेफर गरिएको छ। ६ जनाको जिल्ला अस्पताल उदयपुरमा उपचार गरिएको उदयपुर प्रहरीले जनाएको छ।

bds e6fg RofnGh sk xb

दमक / दमकमा यहि असोज १५ गतेदेखि कोशी प्रदेश जिल्ला स्तरीय प्रथम दमक भेट्रान च्यालेन्ज प्रतियोगिता २०८३ हुने भएको छ ।

दमकमा फुटवल खेलको सुस्तता भईरहेकाले यसको जागरणमा सहयोग पुर्याँउन उद्देश्यले दमक भेट्रान फुटबल क्लबले पहिलो पटक कोशी प्रदेश जिल्ला स्तरीय प्रथम दमक भेट्रान च्यालेन्ज कपको आयोजना गर्ने भएको क्लवले जनाएको छ ।

दमक-२ बेलडाँगी खेलमैदानमा आयोजना हुने प्रतियोगितामा कोशी प्रदेशका १२ वटा क्लबहरूले प्रतिस्पर्धा गर्ने भएका छन् । दमकमा बुधबार पत्रकार सम्मेलन गरि खेलको तयारीका बारेमा जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा क्लवका अध्यक्ष गजेन्द्र देवानले दमकमा फुटबलको गतिविधिलाई बढाउन र फुटबल खेलमा नयाँ प्रतिभा खेलाडीहरू उत्पदन गर्न प्रतियोगिता आयोजना गरिएको बताए । प्रतियोगिता भव्य रूपले सम्पन्न गर्न आवश्यक तयारी धमाधम भईरहेको उनले बताए । प्रतियोगितामा बिजेता क्लबले नगद एक लाख र उप बिजेताले ५१ हजारसहित शिल्ड, मेडल र ट्रफी हात पार्नेछन् भने विद्यागत उत्कृष्ट खेलाडीहरूलाई नगदसहित पुरस्कृत गरिने आयोजक समितिले जनाएको छ ।

प्रतियोगिता सम्पन्न गर्न ८ लाख खर्च हुने अनुमान गरिएको छ । यसका लागि स्वदेश तथा विदेशमा बस्ने मनकारीहरूसंग सहयोग प्राप्त हुने अध्यक्ष देवानले बताए ।

सदर्शम ६यत्र त्रखअ२ (असगउअ्रक्ष सक्षखअष्पस्र पर्ङ्अ्रक्षू ० बेअ्रू उअ

ऋण नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ७ दिने सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३।०६।०१ गते पूर्वसन्देश दैनिक

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले व्यापारीक प्रयोजनको लागि ऋण लिदाँको बखतमा तोकिएको भुत्तानि तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम नतिरि नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धी शर्त बन्देज उल्लगन गर्नु भएकोले संस्थाले पटक पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर सुचना गरी तरतागेता गर्दा समेत आलटाल गरी शर्त बमोजिम संस्थालाई बुझाउनु पर्ने सँवा र ब्याज नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले **७** दिन भित्र यस संस्थाको कार्यालयमा आई भाखा नाघेको ऋणको साँवा र ब्याज एकमुष्ठ चुत्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्यहरुमा यो सुचना जारी गरिन्छ। उल्लेखित मिति भित्र ऋणको सम्पूर्ण साँवा र ब्याज चुत्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी तथा असुलि कार्यविधि एवम प्रचलित ऐन कानुन बमोजिम ऋणी सदस्यहरुको धितोमा रहेको चल अचल सम्पती जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिने रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणी सदस्य र जमानत दिने व्यक्तिहरु समेतलाई यसै सुचनाद्वारा अवगत गराउदै कर्जा भुत्तानी गर्नु/गराउनु सुचित गरिएको छ।असुल उपर कारवाहीको शिर्लशिलामा उक्त कार्यविधि अनुसार भएका सम्पूर्ण खर्च समेत ऋणी सदस्यबाट नै असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ। यस संस्थाबाट संस्थाको सम्पूर्ण लिने रकम असुल नभएमा ऋणी सदस्यहरुको घर घरानाको चल अचल सम्पतीबाट असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ।

तपाशिल

ऋणीको तीन पुस्ते विवरण
१. नाम : वेदप्रसाद शिवाकोटी
ठेगाना : उर्लाबारी-७, मोरङ
बाबुको नाम : भानुभक्त शिवाकोटी
हजुरबुवाः पदलाल शिवाकोटी
नागरिकता नम्बर : २३१११९१६
जारी मिति : २०४६।०२।०३, मोरङ्ग

जमानीको तीन पुस्ते विवरण
नाम : मनमाया शिवाकोटी
ठेगाना : उर्लाबारी-७, मोरङ
बुवाको नाम : ओमनाथ प्रसाई
पतिः वेदप्रसाद शिवोकाटी
नागरिकता नम्बर : ०५/६७०
जारी मिति : २०६२।०७।२७, झापा

धितो दिएको जग्गाको विवरण

स्थान	वडा नं.	सिट नं.	किता नं.	क्षेत्रफल व.मि.	जग्गाधनीको नाम
मधुमल्ला	५	५ट	२४६१	५४६.७६	गंगा देवी शिवाकोटी

ऋणीको तीन पुस्ते विवरण
२. नाम : प्रकाश कार्की
ठेगाना : उर्लाबारी-६, मोरङ
बाबुको नाम : जगत ब. कार्की
हजुरबुवाः धनपति कार्की
नागरिकता नम्बर : १५४३३
जारी मिति : २०५६।०२।१४, मोरङ्ग

जमानीको तीन पुस्ते विवरण
नाम : बन्दना केसी
ठेगाना : उर्लाबारी-६, मोरङ
पतिः प्रकाश कार्की
ससुरा बुवाः जगतबहादुर कार्की

धितो दिएको जग्गाको विवरण

स्थान	वडा नं.	सिट नं.	किता नं.	क्षेत्रफल व.मि.	जग्गाधनीको नाम
मधुमल्ला	५	५ग	१६०५	३३८.५८	खगेन्द्र कार्की
मधुमल्ला	५	५ङ	१८५४	१६९.२९	खगेन्द्र कार्की

ऋणीको तीन पुस्ते विवरण
३. नाम : अग्नि दाहाल
ठेगाना : मिक्लाजुङ-७, मोरङ
बाबुको नाम : कृष्ण दाहाल
हजुरबुवाः चन्द्रलाल दाहाल
नागरिकता नम्बर : ४२३६३८/७२८
जारी मिति : २०६२।०४।२६, तेह्रथुम

जमानीको तीन पुस्ते विवरण
नाम : लक्ष्मी कुमारी पोखरेल
ठेगाना : मिक्लाजुङ-७, मोरङ
बुवाको नाम : गंगाप्रसाद पोखरेल
हजुबुवाः वेदनाथ पोखरेल
नागरिकता नम्बर : ०६-०१-७३-००८७९
जारी मिति : २०७३।०१।२८, सुनसरी

धितो दिएको जग्गाको विवरण

स्थान	वडा नं.	सिट नं.	किता नं.	क्षेत्रफल व.मि.	जग्गाधनीको नाम
मधुमल्ला	५	५ग	२५८७	२५३.९८	अग्नि दाहाल
मधुमल्ला	५	५ग	२७४१	८४.६६	खगेन्द्र कार्की

ऋणीको तीन पुस्ते विवरण
४. नाम : बालकृष्ण कार्की
ठेगाना : उर्लाबारी-५, मोरङ
बाबुको नाम : डिकबहादुर कार्की
हजुरबुवाः लीलाधर कार्की
नागरिकता नम्बर : १३४६/३०७०
जारी मिति : २०४३।१०।२४, मोरङ

जमानीको तीन पुस्ते विवरण
नाम : गणेश कुमार ढकाल
ठेगाना : उर्लाबारी-१, मोरङ
बुवाको नाम : खडानन्द ढकाल
हजुरबुवाः डिल्लीराम ढकाल
ना.प्र.प.नं. : ०५-०२-७६-०३४३०
जारी मिति : २०७६।०६।०२, मोरङ

धितो दिएको जग्गाको विवरण

स्थान	वडा नं.	सिट नं.	किता नं.	क्षेत्रफल व.मि.	जग्गाधनीको नाम
मधुमल्ला	३	३च	७६	४७८३.२८	गणेश कुमार ढकाल
मधुमल्ला	३	३च	५१२	७७८.७४	गणेश कुमार ढकाल

ऋणीको तीन पुस्ते विवरण
५. नाम : अम्बिका थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : लोकमोहन थापा
हजुरबुवाः डम्बर बहादुर थापा
नागरिकता नम्बर : २३१११५७४४
जारी मिति : २०४४।१२।१९, झापा

जमानीको तीन पुस्ते विवरण
नाम : अस्मिता थापा
ठेगाना : दमक-७,झापा
बुवाको नाम : नरपति शिवाकोटी
पति : अबिन थापा
नागरिकता नम्बर : १८५५३
जारी मिति : २०६०।०८।१२, झापा

धितो दिएको जग्गाको विवरण

स्थान	वडा नं.	सिट नं.	किता नं.	क्षेत्रफल व.मि.	जग्गाधनीको नाम
दमक	६	६	८३६१	२२०.०८	अम्बिका थापा

ऋणीको तीन पुस्ते विवरण
६. नाम : अस्मिता थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : नरपति शिवाकोटी
पति : अबिन थापा
नागरिकता नम्बर : १८५५३
जारी मिति : २०६०।०८।१२, झापा

जमानीको तीन पुस्ते विवरण
५. नाम : अम्बिका थापा
ठेगाना : दमक-७, झापा
बाबुको नाम : लोकमोहन थापा
हजुरबुवाः डम्बर बहादुर थापा
नागरिकता नम्बर : २३१११५७४४
जारी मिति : २०४४।१२।१९, झापा

स्थान	वडा नं.	सिट नं.	किता नं.	क्षेत्रफल व.मि.	जग्गाधनीको नाम
दमक	१२	१२	१५५	१६९.२९	नबिन थापा

ऋणीको तीन पुस्ते विवरण
७. नाम : सिता गुरुङ
ठेगाना : उर्लाबारी-९, मोरङ
बाबुको नाम : खड्ग ब. गुरुङ
पति : हेमराज गुरुङ
नागरिकता नम्बर : १८१४३/२२८
जारी मिति : २०६१।०८।११, मोरङ

जमानीको तीन पुस्ते विवरण
नाम : हेमराज गुरुङ
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : धनबहादुर गुरुङ
हजुरबुवा : डिल्लीराम गुरुङ
नागरिकता नम्बर : ८२१
जारी मिति : २०५७।१०।०६, मोरङ

जमानीको तीन पुस्ते विवरण
नाम : अशोक धिमाल
ठेगाना : उर्लाबारी-७,मोरङ
बुवाको नाम : अमर ब. धिमाल
हजुरबुवा : चौकीलाल धिमाल
नागरिकता नम्बर : १४८७१
जारी मिति : २०६०।०९।०२, मोरङ

जमानीको तीन पुस्ते विवरण
नाम : केदार खनाल
ठेगाना : उर्लाबारी-८, मोरङ
बुवाको नाम : पुरुषोत्तम खनाल
हजुरबुवा : उदय नारायण खनाल
नागरिकता नम्बर : ५८२३-३४४
जारी मिति : २०३२।१०।२६, मोरङ

जमानीको तीन पुस्ते विवरण
नाम : इन्द्र सुब्बा
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : प्रेमप्रसाद सुब्बा
हजुरबुवा : मित्रलाल सुब्बा

जमानीको तीन पुस्ते विवरण
नाम : अग्नि प्रसाद नेपाल
ठेगाना : उर्लाबारी-९,मोरङ
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

जमानीको तीन पुस्ते विवरण
नाम : श्याम प्रसाद नेपाल
ठेगाना : उर्लाबारी-९, मोरङ
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

जमानीको तीन पुस्ते विवरण
नाम : नेत्र प्रसाद नेपाल
ठेगाना : दमक-९, झापा
बुवाको नाम : खड्ग प्रसाद नेपाल
हजुरबुवा : जयमंगल नेपाल

धितो दिएको जग्गाको विवरण

स्थान	वडा नं.	सिट नं.	किता नं.	क्षेत्रफल व.मि.	जग्गाधनीको नाम
राजघाट	७	७च	३०५	२३७०.०८	हर्कमाया गुरुङ
राजघाट (बेलबारी)	८	८च	२१९	४०६३	सिता गुरुङ

सूदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
उर्लाबारी-५, मोरङ (सम्पर्क नं. ०२१-५४३९१४)

दबउ मच, पअ्रप उअ
नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

अत्यन्त जरूरी सूचना

दमक नगरपालिकाको पूर्व र पश्चिमतर्फ रहेको रतुवा र मावा खोलाको नदिजन्य सामाग्रीको संकलन तथा बिक्री कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (क्ष्म्भ) को कार्य भईरहेको हुँदा ठेक्का बन्दोबस्त भई नसकेकोले अर्को व्यवस्था नभए सम्म मिति २०८३/०६/०१ गतेदेखी उल्लेखित खोलाहरुबाट कुनैपनि किसिमका नदिजन्य सामाग्री उत्खनन्, संकलन तथा बिक्री वितरण कार्य नगर्न नगराउनुहुन अनुरोध छ। साथै सूचनालाई अटेर गरि आफु खुसी नदिजन्य सामाग्री उत्खनन् तथा संकलन गरी ओसारपसार गरेको पाईएमा तोकिए बमोजिमको जरिवाना भई कानूनी कार्यवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

कर्मचारी आवश्यकता

राष्ट्रिय सहकारी नियमन प्रधिकरणद्वारा बचत तथा ऋणको मुख्य कारोबार गर्ने बहुउद्देश्य सहकारी र प्रदेश सहकारी रजिष्ट्रार कार्यलयको इजाजत प्राप्त राष्ट्रिय बहुमुखी सहकारी संस्था लिमिटेडको प्रधान कार्यलयको लागि तपसिल बमोजिमको दमक नगरपालिका र कमल गाउँपालिकाको लागि बजार प्रतिनिधि आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र दरखास्त पेश गर्नुहुन आव्हान गरीन्छ ।

क्रस	पद	संख्या	योग्यता
१	बजार प्रतिनिधि	३	+२ पास गरेको, सामान्य कम्प्यूटर चलाउन जान्ने, दुई पाङ्ग्रे सवारी साधनको लाइसेन्स भएको

आवश्यक कागजातः हस्तलिखित निवेदन,नेपाली नागरिकताको प्रतिलिपि, २ प्रति पिपि साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभवको प्रमाण पत्रको प्रतिलिपि ।

कर्मचारी पदपूर्ती उपसमिति
राष्ट्रिय बहुमुखी सहकारी सस्था लि.
पत्रअ उअ्रपि दबउ ० सेत्रबअ्रक्ष्ज (दकअ्र
फोन नं. ०२३-५७४०१९/५७३६७६/४८०१४५७७१४
Gmail : nationalmultipal@gmail.com

उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७बस्ने देवका पोखेलको नाममा दर्ता कायम रहेको मधुमल्ला-५/ज को कि.नं. २५८३ ज.वि. ०-०-७-२ मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा दक्षिणतर्फ सँधियार रन्जन राई उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

◆ प्रधान सम्पादक/प्रकाशकः गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादकः खगेन्द्र कार्की ◆ सहसम्पादकः विमल लामिछाने ◆ बजार व्यवस्थापकः केशव खनाल ◆ लेआउटः सुरेन बस्नेत
कार्यालयः दमक-५, झापा, फोनः ०२३-५७०२७२.
मुद्रणः ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com